# प्रश्नोत्तर

**प्रश्न 1 सार्वजनिक स्वास्थ्य केन्द्रहरू र स्वास्थ्य केन्द्रहरू कस्तो ठाउ हो?**

**उत्तर 1** जहाँ तपाईंले मानसिक र शारीरिक स्वास्थ्य कायम राख्न र मानसिक समस्याहरूको बारेमा सल्लाह प्राप्त गर्न सक्नुहुने सार्वजनिक संस्था हो।

**प्रश्न 2 अस्पतालमा आउने जनस्वास्थ्य केन्द्र वा अन्य संस्थाका कर्मचारीहरू कस्ता प्रकारका व्यक्ति हरु हुन्छन् ?**

**उत्तर 2** स्वास्थ्य परिचारिका वा मानसिक स्वास्थ्य सामाजिक कार्यकर्ता जस्ता स्वास्थ्य, चिकित्सा र कल्याण क्षेत्रका विशेषज्ञहरू हुन्।

**प्रश्न 3 यसको पैसा लाग्छ?**

**उत्तर 3** सल्लाह परामर्श (भेटघाट वा घरमै आएर गरिएको सल्लाह आदि) निःशुल्क हुन्छ। तर, यदि दैनिक जीवन वा रोजगारीका लागि सहयोग प्रदान गर्ने जस्ता अपांगता कल्याण सेवाहरू प्रयोग गर्नु पर्‍यो भने केही लागत स्वयम तिर्नु पर्ने हुन सक्छ। विस्तृत जानकारीका लागि कृपया सल्लाह परामर्श गर्नुहोस्।

2025 (रेइवा 7) साल 10 महिना
टोकियो महानगर पालिका, कल्याण ब्युरो
अपांगता सम्बन्धी नीति प्रवर्द्धन विभाग, मानसिक स्वास्थ्य र उपचार शाखा

# —अनिवार्य रूपमा अस्पतालमा भर्ना गरिएका व्यक्तिहरूका लागि—

## अस्पतालबाट डिस्चार्ज भएपछि प्रदान गरिने सहयोग सम्बन्धी जानकारी



東京都福祉局

## डिस्चार्ज भएपछि आफ्नो जीवनको बारेमा सोच्दा, के तपाईंलाई यस्ता कुनै चिन्ता वा चिन्ता का बिषयहरु छन् ?

अचानक अस्वस्थ महसुस भएमा के गर्ने...
डिस्चार्ज भएपछि एक्लै बस्ने चिन्ता ...
कसैसँग पनि सल्लाह गर्न सक्ने व्यक्ति नभएको...
पैसाको चिन्ता...
दिनको समयमा के गरेर समय बिताउने होला...

टोकियो महानगरभित्रका स्वास्थ्य केन्द्रहरु (स्वास्थ्य कार्यालय, स्वास्थ्य केन्द्र आदि) ले, तपाईं अस्पतालमै रहँदाको समयमा नै तपाईंको चाहना र चिन्ताहरूको बारेमा बुझ्ने प्रयास गर्छन्। अस्पतालबाट डिस्चार्ज भएपछि तपाईंले असहज महसुस नगरी, ढुक्कका साथ जीवन यापन गर्न सक्नुहोस् भन्ने उद्देश्यले, हामी तपाईंको साथमा मिलेर समाधानको उपायहरू सोच्नेछौं।





## परामर्श प्रक्रिया

**अस्पताल भर्ना**

अस्पतालका जिम्मेवार व्यक्तिले तपाईंलाई सहायता प्रदान गर्ने संस्था जस्तै स्वास्थ्य कार्यालय आदि बारेमा जानकारी गराउनेछन्।

↓

जनस्वास्थ्य केन्द्र वा अन्य सम्बन्धित संस्थाको प्रतिनिधिले अस्पतालको भ्रमण गर्नेछन् र तपाईंको भविष्यको जीवनको बारेमा तपाईंको आशा र चिन्ताहरूको बारेमा सोध्नेछन्।

↓

तपाईंको इच्छाको आधारमा, तपाईंले अस्पतालबाट डिस्चार्ज भएपछि तपाईं कसरी बाँच्नुहुनेछ भन्ने बारेमा सोच्न अस्पतालका कर्मचारीहरू र स्वास्थ्य केन्द्रहरू जस्ता स्थानीय अधिकारीहरू र अन्य कर्मचारीहरूसँग छलफल गर्नुहुनेछ।

↓

**डिस्चार्ज**

डिस्चार्ज पछि पनि, सार्वजनिक स्वास्थ्य केन्द्रहरू र अन्य संस्थाहरूका कर्मचारीहरू परामर्श प्रदान गर्न उपलब्ध हुनेछन् र आवश्यक परेमा, (बिरामीको डाक्टर वा सामाजिक कार्यकर्ता) लाई सम्पर्क गरि समुदायमा बिरामीको जीवन र निरन्तर चिकित्सा हेरचाहलाई समर्थन सहयोग गर्नेछन्।